**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १८२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार ३० गते सोमबार ❑ 14 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## तीनै तहको समन्वयमा आदिकवि आचार्य जन्मस्थलको विकास भइरहेको छ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले तीनै तहका सरकारको समन्वयमा राष्ट्रिय विभूती आदिकवि भानुभक्त आचार्यको जन्मस्थल विकास भइरहेको बताउनुभएको छ।

आदिकवि भानुभक्त जन्मस्थल विकास समितिद्वारा आइतबार भानु-४ चुँदी रम्घाबेसीमा आयोजित २१२ औँ जन्मजयन्ती कार्यक्रममा उहाँले यहाँको दीर्घकालीन बनाउने विकासका लागि गुरुयोजनासहित काम भइरहेको बताउनुभएको हो । मुख्यमन्त्री पाण्डेले आदिकवि जन्मस्थल शिखर कटेरीसम्म पुग्ने सडक असहज भएकाले त्यसका लागि प्रदेश सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "राष्ट्रपतिको गृह जिल्लासमेत भएकाले उहाँको सल्लाहअनुसार सङ्घ सरकारबाट गुरुयोजनासहित कार्य भइरहेको छ। अब शिखर



कटेरीसम्म पुग्ने सडक सहज बनाउनुपर्ने छ, यसमा प्रदेश सरकारले सहयोग गर्नेछ।" एकै ठाउँमा बजेट विनियोजन गर्ने नभई समन्वय विकास भइरहेको उहाँको भनाइ छ । गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले आदिकवि भानुभक्तको क्षेत्रमा विकासका लागि सबै तहबाट सहयोग आवश्यक रहेको बताउनुभयो । जिल्ला समन्वय समिति प्रमुख शान्तिरमण वाग्लेले स्थानीय सरकारको मातहतमा रहे पनि आचार्य जन्मस्थल विकास सबैको दायित्व भएको धारणा राख्नुभयो । भानु नगरप्रमुख आनन्दराज त्रिपाठीले आगामी आर्थिक वर्षमा भानु जन्मस्थल शिखर कटेरीमा कार्यक्रम गर्नेगरी प्राथमिकताका साथ काम भइरहेको बताउनुभयो ।

व्यास नगरप्रमुख बैकुण्ठ न्यौपानेले आचार्य जन्मथलोलाई साहित्यिक पर्यटनको केन्द्र बनाउन सप्तधाम निर्माणको प्रक्रिया अगाडि बढाइएको जानकारी दिनुभयो । उहाँले यो क्षेत्र ऐतिहासिक, धार्मिक, सांस्कृतिक, साहित्यिक स्थान भएकाले यहाँको विकासमा प्रदेश तथा केन्द्र सरकारले जोड दिनुपर्ने बताउनुभयो । 'भानु जन्मस्थल जाऔँ: भानुलाई चिनाऔँ' भन्ने नाराका साथ भानु जन्मस्थल विकासका लागि विभिन्न काम भइरहेका छन्। प्रारम्भिक गुरुयोजनाअन्तर्गत आदिकवि आचार्यको विशाल प्रतिमा, सप्तधाम निर्माण, जग्गा अधिग्रहण, साहित्यिक उद्यान, पूर्वाधार निर्माणका लागि सङ्घीय सरकारबाट विनियोजित बजेटका साथै अन्य दातृ निकाय तथा सहयोगीसँगको समन्वयमा काम भइरहेको छ।

चुँदी रम्घालाई साहित्यिक पर्यटनको गन्तव्यस्थल बनाउने लक्ष्यसहित साहित्यिक उद्यान निर्माणका लागि प्रयास भइरहेको छ। उद्यानमा आचार्यको विशाल सालिक, रामायण मन्दिर, मूर्ति वाटिका, भानुभक्तकालीन नमूना बस्ती, भानु साहित्यग्राम, भानु प्रज्ञा भवन, भानु वनस्पति उद्यान, सप्तधाम, मनोरञ्जन वनभोजस्थल, प्राकृतिक वन विचरण क्षेत्र, सम्पदा संरक्षण क्षेत्र र साहित्यिक पदमार्ग प्रस्तावित गरिएको जनाइएको छ।

## गण्डकी स्टार सिजन ६ उपाधि गृष्मा र सौगातलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असार

नन्द इन्टरटेन्मेन्ट हाउसको आयोजना तथा इन्टरनेशनल कलेज अफ अप्लाइड साइन्स आइक्यास को मुख्य प्रायोजनमा भएको गण्डकी स्टार सिजन ६ उपाधि नृत्यतर्फ प्रतिभा सेकेण्डरी स्कुलकी छात्रा गृष्मा गौतमले जितेकि छन् भने, गायनतर्फ सौगात सुनारले उपाधि जित्न सफल भएका हुन् ।

शनिवार पोखरामा भएको फाइन्न प्रतिस्प्रधामा उनिहरुले उपाधि जित्न सफल भएका हुन् । यसै गरि नृत्यतर्फका फर्स्ट रनरअप प्रसिद्धि सुबेदी,सेकेन्ड रनरअप रेश्मा विक, थर्ड रनरअप एनि कार्की, मोस्ट पपुलर च्वाइस, गरिमा भट्ट गायनतर्फका फर्स्ट रनरअप सोनम गुरुङ, सेकेन्ड रनरअप ज्योती खड्का, थर्ड रनरअप केशव पुन, फोर्थ रनरअप सन्जय पुनले हुन सफल भए ।

कार्यक्रममा बोल्दै गण्डकी प्रदेश सभा सदस्य श्याम राजा महतले प्रतिभा विकास, कला प्रवर्द्धन तथा सांस्कृतिक चेतनाका



लागि यस्ता कार्यक्रमहरू आवश्यक रहेको बताए । उनले नव प्रतिभाहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउन सबैले सघाउनु पर्ने धारणा व्यक्त गरे ।कार्यक्रममा गण्डकी प्रदेश सभा सदस्य लक्ष्मण बहादुर पाण्डे, गण्डकी प्रज्ञा प्रतिष्ठानका संस्थापक कुलपति सूर्य खड्का बिखर्चिले विजयी प्रतिभाहरूलाई बधाई दिँदै यस्ता कार्यक्रमको महत्वको चर्चा गरे ।

कार्यक्रममा आइक्यास पोखराका प्रर्वन्ध निर्देशक समिर थापाले मोफोसलकै उतकृष्ट कार्यक्रम गण्डकी स्टार भएको बताउदै यस्ता कार्यक्रमहरु समाजमा निरन्तर रुपमा हुनु पर्ने बताए । प्रतियोगिताको निष्पक्ष मूल्याङ्कन गर्न पोखरा विश्वविद्यालय सह प्राध्यापक डा दिपामाला श्रेष्ठ गुरुङ, गण्डकी नृत्य संघ अध्क्षय धर्मेन्द्र पौडेल, नृत्य प्रशिक्षक पूजा ठाकुर, संगीतकार तथा गीतकार रमेश श्रेष्ठ, संगीतकर्मी करन तामाङ, पत्रकार तथा गितकार आरजु बिष्ट सल्यानी र गीतकार झलक गुरुङ कलाप्रेमी थिए । कार्यक्रमका निर्देशक देवेन्द्र शाहीले प्रतिभा उजागर गर्ने यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै जाने बताए। नन्द इन्टरटेन्मेन्ट हाउसले यस अगाडि डान्स गण्डकी डान्स, पोखरा चाईल्ड स्टार, सोसल अवार्ड जस्ता कार्यक्रमहरु गदै आइरहेको छ।

## संसदीय पत्रकार मञ्च गण्डकीको अध्यक्षमा क्षेत्री

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असार

संसदीय पत्रकार मञ्च गण्डकीको अध्यक्षमा बिसन क्षेत्री निर्बाचित हुनु भएको छ।

पोखरामा आइतबार सम्पन्न संसदीय पत्रकार मञ्चको छैटौं बार्षिक साधारण सभा तथा चौथो अधिबेशनबाट क्षेत्रीले आफ्ना प्रतिद्वन्दी रोहितराज पराजुलीलाई ४ मत अन्तरले पराजित गर्दै दुई बर्षीय कार्यकालका लागि निर्वाचित हुनु भएको हो ।

प्रेस यूनियन र प्रेस चौतारीको गठबन्धनका अधिकांश उमेदवार निर्वाचित भएकाहुन्।क्षेत्रीले२०मतल्याउदा स्वतन्त्र उमेदवार पराजुलीले १६ मत प्राप्त गर्नुभयो । समितिको उपाध्यक्षमा अनुप पौडेल निर्वाचित हुनुभयो । आफ्नो प्रतिष्प्रर्धीस्वतन्त्रउमेदवारयुबराज श्रेष्ठलाई१०मतअन्तरलेपराजित गर्दै प्रेस यूनियन र प्रेस चौतारीको



गठबन्धनका उमेदवार पौडेल निर्वाचत हुनु भएको हो। पौडेलले २३ मत ल्याउदा श्रेष्ठले भने १३ मत प्राप्त गर्नुभयो । त्यसैगरी कोषाध्यक्ष पदमा भएको निर्वाचनमा फडिन्द्र अधिकारी( अकिन्चन) लाई झिनो २ मत अन्तरले पछि पार्दै प्रेस यूनियन र प्रेस चौतारीको गठबन्धनका उमेदवार ऋषिराम बरालले जित हासिल गर्नुभयो । बरालले १९ मत प्राप्त गर्दा अधिकारीले १७ मत मात्र प्राप्त गर्नुभयो । समितिको सचिबमा युनिश गुरूङ, सहसचिवमा उमा आले सहित कार्यसमितिका सदस्यहरु भने निर्बिरोध निर्बाचित हुनु भएको हो । निर्बिरोध निर्बाचित कार्यसमितिको सदस्यहरुमा दुर्गा राना, विमल तिवारी, अनिता घिमिरे, प्रतीक्षा काफ्ले, सञ्जय रानाभाट र सुवास पौडेल रहेका छन् । संसदीय पत्रकार मञ्चमा ३६ जना मतदाता रहेकोमा शत प्रतिशत मत खसेको निर्वाचन समितिका अध्यक्ष रमेश पौडेलले बताउनु भयो। काफ्ले प्रेस सेन्टरबाट एक सदस्य बाहेक अन्य सबै जसो प्रेस यूनियन र प्रेस चौतारीको गठबन्धनका उमेदवारहरु विजयी हुनु भएको हो । साधारणसभा तथा अधिवेशनको उद्धाटन गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पारदर्शिता, अभिव्यक्ति स्वतन्त्रता, पत्रकार सुरक्षालगायतका संरचनागत र नीतिगत सुधारका विषयमा सरकार गम्भीर रहेको बताउनुभयो ।

प्रेस र पत्रकारिताले सत्य, तथ्य र निश्पक्ष सूचना प्रवाह गर्दै समाजलाई सकारात्मक दिशामा निर्देशित गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । विगतदेखि सरकार र संसद् सँगको मञ्चको सहकार्य आगामी दिनमा पनि निरन्तर रहने बताउँदै उहाँले संसदीय पत्रकार मञ्चले प्रदेशसभाको गतिविधि जनमानसमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएकोमा धन्यवाद व्यक्त गर्नुभयो ।

## पार्टीभित्रको एकता मजबुत बनाइए एमालेलाई कसैले पराजित गर्न सक्दैन : अध्यक्ष ओली

**रासस**
काठमाडौं, २९ असार

प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीभित्रको एकतालाई मजबुत बनाएर सङ्कल्पका साथ लाग्ने हो भने एमालेलाई कसैले हराउन नसक्ने बताउनुभएको छ।

एमालेको जिल्लास्तरीय कार्यकर्ता भेलालाई आइतबार यहाँ सम्बोधन गर्दै उहाँले पार्टीमा लामो समय बसेर विभिन्न जिम्मेवारी र लाभ लिएका कतिपय स्वार्थी नेताहरूले विगतमा पार्टी विभाजन र पार्टी सिध्याउने षड्यन्त्र गरे पनि कार्यकर्ता र जनताले एमालेलाई बचाएर पुनः राष्ट्रिय शक्ति बनाएको बताउनुभयो ।

आफूबिनाको एमाले

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## भानु जयन्तीका अवसरमा कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असार

आदिकवि भानुभक्त आचार्यको २१२ औं जन्मजयन्तीका अवसरमा भानु वाङमय प्रतिष्ठानको आयोजना एवम् भानुमार्ग टोल विकास संस्था र भानुमार्ग(क) आमा समूहको सह आयोजनामा पोखरामा प्रभातफेरी सहित विभिन्न कार्यक्रम गरिएको छ।

प्रतिष्ठानको आयोजनामा पोखराको मानवअधिकार चोकबाट सुरु भएको प्रभातफेरी पोखरा ११ फुलबारीस्थित भानु



प्रतिमास्थलमा पुगी सभामा परिणत भएको थियो ।

कार्यक्रममा पोखरा महानगरपालिका वडा न. ११ का वडा अध्यक्ष प्रेमप्रसाद कर्माचार्यले नेपाली भाषाको एकिकरणमा भानुभक्तले महत्वपूर्ण योगदान पुऱ्याउनुभएको बताउनुभयो ।

कार्यक्रमका अध्यक्ष एवम् भानु वाङ्मय प्रतिष्ठानका कोषाध्यक्ष पद्मराज ढकालले संस्कृतमा लिखित भानुभक्तीय रामायणलाई नेपालीमा अनुवाद गरी भानुभक्तले नेपाली भाषा संस्कृतिको विकासमा ठूलो गुन लगाउनुभएको बताउनुभयो ।

लोक संस्कृतिविद् प्रा.डा. कुसुमाकर न्यौपानेले संस्कृतको रामायण नेपालीमा उल्था गरी नेपाली भाषा र संस्कृतिको जगेर्नामा उहाँले योगदान पुऱ्याउनुभएको बताउनुभयो ।

भानु वाङ्मय प्रतिष्ठानका कोषाध्यक्ष पद्मराज ढकालको सभापतित्व एवम्

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# श्रीकृष्ण प्रणामी मन्दिरमा श्रीमद्वीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचन हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असार

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल श्रीकृष्ण प्रणामी मन्दिर पोखरा ८ रत्नचोकको आयोजनामा एक महिने श्रीमद्वीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचन हुने भएको छ।

विगतका वर्षहरुमा जस्तै श्रीकृष्ण प्रणामी मन्दिर रत्नचोक पोखरामा आगामी अषाढ ३१ गते श्रावण कृष्ण पञ्चमी देखि श्रावण ३१ भाद्र कृष्ण अष्टमी सम्म श्रीमद्वीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचनको आयोजना गरिने श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल श्री कृष्ण प्रणामी मन्दिर पोखराका अध्यक्ष मोहन प्रसाद ढकालले जानकारी दिए। एक महिने श्रीमद्वीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचनको पूर्व सन्ध्यामा आगामी असार ३१ गते पोखरामा कलश यात्रा सहित कार्यक्रमको शुभारम्भ गरिने बताउदै अध्यक्ष ढकालले विगतका वर्षहरुमा जस्तै यस वर्षपनि श्रद्धालु भक्तजनहरुको साथ र सहयोगले कार्यक्रमले सफलता पाउने बताए।



अषाढ ३१ गतेदेखि सुरु हुने एक महिने श्रीमद्वीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचनमा श्रीकृष्ण प्रणामी धर्मका धर्म प्रचारिका साध्वी उर्वशी माताजीको मुखारविन्दुबाट संगीतमय कथा प्रवचन कार्यक्रम हुने र उक्त कार्यक्रमको उद्घाटन गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री बिन्दु कुमार थापाले उद्घाटन गर्ने समितिका उपाध्यक्ष कार्यक्रम संयोजक केशव प्रसाद बरालले जानकारी दिए। बिगतका वर्षहरुमा सञ्चालित श्रीमद्वीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचनमा पोखरेली तथा छिमेकी जिल्लाका भक्तजनहरुको उल्लासपूर्ण उपस्थितीले कार्यक्रम सम्पन्न भएको र यसपटक पनि भक्तजनहरुको साथ र सहयोग सहित कार्यक्रममा सहभागीताका लागि समितिका सचिव लक्ष्मण बरालले आग्रह गरेका छन।

# पोखरेली कवि शालिग्राम आचार्य सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असार

कवि एवं शिक्षासेवी शालिग्राम आचार्य पोखरामा सम्मानित हुनुभएको छ।

२ सय १२ औं भानु जयन्तिको अवसरमा आचार्य समाज केन्द्रीय समितिले आइतबार पोखरामा आयोजना गरेको कार्यक्रममा कवि आचार्यलाई नेपाली साहित्य र धार्मिक जागरणका क्षेत्रमा पुर्याएको योगदानको उच्च मुल्यांकन गर्दै सम्मान गरेको हो। उहाँलाई कार्यक्रमका प्रमुख अतिथि डा. सिपी आचार्य, सल्लाहकार छविलाल आचार्य र केन्द्रिय अध्यक्ष बलराम आचार्यले सम्मान पत्रका साथमा मायाको चिनो र दोसल्ला ओढाएर सम्मान गर्नुभयो।



कार्यक्रममा प्रमुख अतिथि डा आचार्यले नेपाली भाषा र साहित्यको विकासमा आदिकवि भानुभक्त आचार्यको योगदानको चर्चा गर्दै, साहित्य र श्रष्टाको विकासमा समाजले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो। सम्मानित साहित्यकार शालिग्राम आचार्यले जीवनको लामो समय साहित्य रचनामा नै लागेको स्मरण गर्दै, नेपाली भाषा र साहित्यको उन्नयनमा सबैको ध्यान जानुपर्ने बताउनुभयो। अध्यक्ष बलराम आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा पुर्व अध्यक्ष एवं कवि छविलाल आचार्य लगायतकाले भानु विशेष कविता वाचन गरेका थिए।

कार्यक्रम समाजका महासचिव नारायण प्रसाद आचार्यले संचालन गर्नुभएको थियो।

त्यस अघि सहभागीले आदिकवि भानुभक्त आचार्यको शालिकमा माल्यार्पण गरेका थिए।

# एम्नेष्टी नेपाल अन्नपूर्ण समूह ५४ को संयोजकमा विष्णुहरि पन्थी

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असार

अ न्त रा ष्ट्रि य मानवअधिकारबादी संस्था एम्नेष्टी इन्टरनेशनल समूह ५४ को १२ औं अधिवेशनले विष्णुहरि पन्थीको संयोजकत्वमा नयाँ कार्यसमिति गठन गरेको छ।

२४ औं वार्षिक साधारण सभा तथा १२ औं अधिवेशनले अन्नपूर्ण समूह ५४ को संयोजकमा विष्णुहरि पन्थी चयन हुनुभएको हो। शनिबार पोखरामा सम्पन्न साधारण सभाले उपसंयोजकमा मीना रानाभाट, सचिवमा ज्योती हमाल, कोषाध्यक्षमा सुसिल केसी, सहसचिवमा अनिरुद्ध बराल चयन गरेको छ। त्यस्तै समितिको सदस्यहरूमा अजय थापा, अस्विन कार्की, विश्व कुमार बिजुक्छे, रन्जित



तिमिल्सिना, मनहरि भण्डारी र नवीन श्रेष्ठ चयन भएका छन्।

प्रमुख अतिथि गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता चिरञ्जीवी शर्माले मानवअधिकारको वकालत गर्ने गरी एम्नेस्टी इन्टरनेसनलको सदस्य बन्दै मानवअधिकार संरक्षणका कार्यक्रमहरुमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। नवनिर्वाचित टिमले एम्नेष्टी अभियानलाई व्यापक बनाइ मानवअधिकार संरक्षण नयाँ उचाईमा पुराउने प्रतिबद्धता समेत व्यक्त गरेका छन्। नवनिर्वाचित टिमलाई निर्वाचन संयोजक एवम एम्नेष्टी इन्टरनेशनल समूह ५४ का पुर्व संयोजक नविनराज बरालले निर्वाचित भएको प्रमाणपत्र प्रदान गर्दै नयाँ कार्यसमितिले मानव अधिकारका क्षेत्रमा प्रभावकारि भुमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा एम्नेष्टी इन्टरनेशनलका केन्द्रिय सदस्य मिना थापा, एम्नेष्टी इन्टरनेशनल समूह ५४ का पुर्व संयोजकहरु कोमलनाथ कुवँर, अनन्त कोइराला, भानु पराजुली, एम्नेष्टी इन्टरनेशनल समूह ८२ का सचिव हरि प्रसाद शर्मा लगायतले निर्वाचितहरुलाई बधाई तथा शुभकामना व्यक्त गर्दै विश्वकै सबैभन्दा ठूलो अन्तराष्ट्रिय मानवअधिकारवादी संस्थाको मान जोगाइराख्न आग्रह गरेका थिए। निवर्तमान सँयोजकमा सुरेन्द्र परियारले एम्नेस्टी इन्टरनेशनल नेपाल, अन्नपूर्ण समूह ५४ को संयोजकको रूपमा मेरो २ वर्षे कार्यकाल पूरा अविस्मरणीय रहेको बताउदैं मानव अधिकारको लागि समर्पण, ऐक्यबद्धता रहेको बताउनुभयो। उहाँले अधिवेशनले सक्षम टोली नेतृत्वमा आएको बताउदैं नयाँ नेतृत्वलाई स्वागत साथै सफल कार्यकालको शुभकामना दिनुभयो।

# विश्वभरका नेपाली युवा उद्यमी जोड्दै फिने, गण्डकीको संयोजकमा कृष्ण आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असार

अन्तर्राष्ट्रिय नेपाली युवा उद्यमी महासंघ (फिने) ले नेपाली युवा उद्यमीलाई विश्वभर जोड्दै छ।

फिनेले नेपालबाट युवा उद्यमीलाई जोड्नका लागि प्रदेशहरु कमिटि विस्तारमा लागेको बताएको छ। बागमती प्रदेशमा कमिटि गठन गरी सकेको र गण्डकी प्रदेशमा कमिटि गठनका लागि संयोजक तोकेको फिनेका आइसी महासचिब दिपेन घलेले बताए। गण्डकी प्रदेशमा पर्यटन व्यवसायी कृष्ण आचार्यलाई संयोजक तोकेको छ। अगस्ट २ तारिकमा पोखरामा भेला गरेर समिति बनाउने आचार्यले बताए। विदेशमा भएका नेपाली उद्यमीहरूले नेपालसँग जोड्न संस्थाको स्थापना गरेको महासचिब घलेले बताए। उनले



फिने विश्वभर छरिएर रहेका नेपाली उद्यमीहरूलाई जोड्ने विश्वव्यापी सञ्जाल बनेको बताए। उनले अहिले सम्म १२ देशमा कमिटि विस्तार भैसकेको र अन्य देशमा पनि थपिदै जाने बताए। नेपालमा पहिले सबै प्रदेशमा कमिटि गठन गरेपछि नेपाल कमिटि बनाउने महासंघका नेपाल संयोजक रामशरण थापाले बताए। उनले संस्थाको उद्देश्य सहयोग, मार्गदर्शन, र व्यवसायिक अवसर हरूको माध्यमबाट नेपाली उद्यमीहरूलाई सशक्त बनाउने रहेको उल्लेख गरे।

युवा उद्यमीहरूलाई जोड्ने, व्यापार तथा लगानी प्रवर्द्धन गर्ने र विश्वव्यापी नेपाली व्यवसायिक समुदायको दिगो विकासलाई अघि बढाउन महत्वपूर्ण मञ्च भएको उनको भनाई छ।

कार्यक्रममा बागमति प्रदेश कमिटीका संयोजक कृष्ण खतिवडा, सल्लाहारका रामकुमार थपलिया लगाएतले शुभकामना दिए।

# चुँदीरम्घामा भानुभक्तीय रचनापाठ प्रतियोगिता

**पोखरापत्र संवाददाता**
दमौली, २९ असार

आदिकवि भानुभक्त जन्मस्थल विकास समितिको आयोजनामा २१२औं भानुजयन्तीका अवसरमा भानु नगरपालिका-४ चुँदीरम्घामा विद्यालयस्तरीय कविता, चित्रलेखन, खुला कविता र भानुभक्तीय रचनापाठ प्रतियोगिता सम्पन्न भएका छन्।

विद्यालयस्तरीय कविता प्रतियोगितामाफिस्टेलआवासीय माध्यमिक विद्यालयका मौसमी गैरे प्रथम हुनुभएको छ। गोगन माध्यमिक विद्यालय पोखराका सुजाता पौडेल द्वितीय, भानु संस्कृत माविका सृष्टि सुनार तृतीय तथा भानु संस्कृत माविका विनिशा श्रेष्ठ र नारायणी आवासीय विद्यालयका शिवानी अधिकारी सान्त्वना हुनुभएको समितिका सदस्य सचिव कृपाहरि लौडारीले जानकारी दिनुभयो। त्यस्तै, विद्यालयस्तरीय भानुभक्तको चित्रलेखन प्रतियोगितामा जनजागृति माविका स्नेहा गुरुङ प्रथम, भानु संस्कृत माविका अङ्कित बसेल द्वितीय, नारायणी आवासीय विद्यालयका रमेश राई तृतीय र अनिता तामाङ सान्त्वना पुरस्कार पाउनुभएको हो। खुला कविता प्रतियोगितामा भानु नगरपालिका-४ का महेश ठेडीमगर प्रथम, भानु नगरपालिका-१ का रश्मी सेढाईं द्वितीय, भानु नगरपालिका-४ का रामप्रसाद पौडेल तृतीय र सोही वडाका अनिता श्रेष्ठ सान्त्वना पुरस्कार पाउनुभएको हो।

भानुभक्तीय रचनापाठ प्रतियोगितामा गोगन मावि पोखराका सुजाता पौडेल प्रथम, व्यास नगरपालिका-३ का स्वाधीनता पौडेल द्वितीय, भानु संस्कृत माविका गरिमा नेपाली तृतीय र भानु संस्कृत माविकै प्रस्तुति आचार्यले सान्त्वना पुरस्कार पाउनुभयो।

विद्यालयस्तरीय कविता प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कारको राशि क्रमशः रु १० हजार, रु सात हजार, रु पाँच हजार र रु दुई हजार छ।

## भानु ...

सचिव अम्बिकाप्रसाद भट्टराईले सञ्चालन गर्नुभएको कार्यक्रममा नेपाली विषयका विद्यार्थी तारानाथ पराजुलीलाई १० हजार रुपैयाँ नगद र नेपाली विषय पठाउने कास्की जिल्लाका माध्यमिक तहका ज्येष्ठ शिक्षक मध्येबाट दण्डपाणि ढकाललाई १५ हजार रुपैयाँ नगद सहित भानु वाङ्मय शिक्षा पुरस्कारबाट सम्मान गरिएको थियो। पर्यटन व्यवसायी गणेबहादुर भट्टराईले राख्नुभएको एक लाख २५ हजार रुपैयाँ नगदको अक्षयकोषबाट नेपाली विषयमा स्नातकोत्तर तहमा पृथ्वीनारायण क्याम्पसमा सर्वोत्कृष्ट ल्याउने विद्यार्थीलाई र पूर्व जनप्रतिनिधि निर्मल कर्माचार्यले राखेको एक लाख रुपैयाँको अक्षयकोषबाट ज्येष्ठ शिक्षक एक/एक जनालाई वर्षेनी उक्त पुरस्कारबाट सम्मान गरिन्छ। प्रतिष्ठानका सहसचिव धर्मराज पौडेल(अल्पायु)ले भानुभक्तीय रामायण वाचन गर्नुभएको थियो भने राष्ट्रिय समाचार समिति गण्डकी प्रदेशका प्रमुख वासुदेव पौडेल, पुतलीबजार प्रज्ञा प्रतिष्ठानका उपकुलपति दुर्गाबहादुर शाह(बाबा), पूर्व जनप्रतिनिधि निर्मल कमाचार्य लगायतले भानुभक्तको योगदानको चर्चा गर्नुभयो।

## पार्टीभित्रको ...

देख्न चाहने प्रतिक्रियावादीहरूको खेल भएको टिप्पणी गर्दै अध्यक्ष ओलीले पार्टीभित्र र बाहिरबाट भइहेका षड्यन्त्र चिर्दै ढुक्कका साथ सही नीति र नेतृत्वको पक्षमा लाग्न आग्रह गर्नुभयो। "एमालेबिनाको देश र केपी ओलीबिनाको एमाले होस् भन्नेहरूको कामना पूरा हुँदैन। एमाले साना स्वार्थ बोक्ने पार्टी होइन। यसको काँधमा देश बनाउने महान उद्देश्य छ। यो राष्ट्रिय हितका लागि बलिदानबाट आएको पार्टी हो", उहाँले भन्नुभयो, "एमालेविरुद्ध जाल बुन्नेहरू सफल हुँदैनन्। माकुरोको जालोमा कहिल्यै भैसी पर्दैन। हाम्राविरुद्धको भ्रामक प्रचारको पछि लाग्नु हुँदैन। केपी ओली र एमालेले भ्रष्टाचार गर्दैन। हामी सहकारी ठगेर मुद्दा झेलेपछि आफ्नो पक्षमा हस्ताक्षर अभियान चलाउने पार्टीजस्ता हुँदै होइनौं।" अध्यक्ष ओलीले एमालेले नसके अरु कसैले पनि देश बनाउन नसक्ने भन्दै आफू प्रधानमन्त्री भएपछि फलामखानी र पेट्रोलियम पदार्थको उत्खनन, सुरुङमार्ग निर्माणजस्ता अनेकौं विकास र समृद्धिका काम थालनी भएकामा त्यसको प्रतिफल आउन थालेको बताउनुभयो। हाल नेपालको अन्तरराष्ट्रिय छवि देखिने र सुनिने अवस्थामा रहेको उल्लेख गर्दै उहाँले पछिल्लो स्पेन भ्रमणको सफलता सुन्न नचाहने विपक्षीले वाइसिएल प्रयोग गरेर स्पेन भ्रमणमा मान्छे छाडेर आयो भन्ने दुस्प्रचार गरेको टिप्पणी गर्नुभयो।

# नेपाली भाषाको श्रीवृद्धिमा आदिकवि भानुभक्तको योगदान महत्वपूर्ण

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असार

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेपाली भाषाको श्रीवृद्धि र राष्ट्रिय एकता प्रवर्द्धनमा आदिकवि भानुभक्त आचार्यले पुऱ्याउनुभएको योगदान महत्त्वपूर्ण रहेको बताउनुभएको छ।

आदिकवि भानुभक्तको २१२ औं जन्म जयन्तीका अवसरमा आइतबार शुभकामना सन्देश दिँदै उहाँले भानुभक्तका विचार र आदर्शहरूलाई आत्मसात् गर्दै नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण र प्रवर्द्धनमा निरन्तर लागिरहनुपर्ने उल्लेख गर्नुभएको हो। "घाँसीको प्रेरणाबाट महत्त्वपूर्ण कृति जन्माउनुभएको घटनाले उहाँको सरलता र महानता झल्कन्छ, रामायणजस्तो चर्चित र लोकप्रिय ग्रन्थलाई नेपालीमा अनुवाद गरी जनजनमा पुऱ्याएर नेपाली भाषाको श्रीवृद्धिमात्र होइन राष्ट्रिय एकता प्रवर्द्धन उहाँले गर्नुभएको योगदान सदा स्मरणीय छ", मुख्यमन्त्री पाण्डेद्वारा जारी गरिएको सन्देशमा जनाइएको छ।

विसं १८७१ असार २९ गते तनहुँको चुँदी रम्घा गाउँमा जन्मिनुभएका भानुभक्तले भाषिक एकीकरणको सुरुआत गर्नुभएको थियो। रामायण, बुधशिक्षा, भक्तमाला, रामगीतालगायत उहाँका कैयौं रचनाहरूले राष्ट्रिय पहिचान, सांस्कृतिक चेतना जगाउन र नेपाली संस्कृतिलाई बलियो बनाउन भूमिका खेलेका छन्। गण्डकी प्रदेश सरकारले आदिकवि भानुभक्तको सम्मानमा आइतबार प्रदेशभर सार्वजनिक बिदासमेत दिएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । - हजरत अली

## सम्पादकीय

# राप्रपाको विवाद

राप्रपाको अनुशासन समिति अध्यक्षबाट पदमुक्त भएका नेता तथा राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समितिका संयोजक नवराज सुवेदीले न्याय माग्नका लागि निर्वाचन आयोग पुगेका छन् । राजेन्द्र लिङ्देन इतरका गुटका नेताहरूलाई दायाँबायाँ लगाएर आइतबार उनी आयोगमा उजुरी दिनका गिका थिए । आयोगमा उनीसँगै निर्देशन समितिका अध्यक्ष डा प्रकाशचन्द्र लोहनी, महामन्त्री धवल शमशेर राणा, प्रवक्ताबाट निकालिएका सगुन लावती, महामन्त्री कुन्ती शाही, उपाध्यक्ष विक्रम पाण्डेलगायत गुटका दर्जनौँ नेताहरू पुगेका हुन् ।

आयोगमा उनले आफूलाई विधानविपरीत अध्यक्ष राजेन्द्र लिङ्देनले अनुशासन आयोग अध्यक्षबाट हटाएको दाबीसहित लिखित उजुरी पेस गरेका छन् । उजुरी दिएसँगै सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै सुवेदीले पार्टीभित्र आफूप्रति अन्याय भएकाले आयोगमा औपचारिक उजुरी दिएको जानकारी दिएका छन । पदबाट हटाइएकोबारे आफूलाई जानकारी नदिइएको उल्लेख गर्दै उनले आफूले सबै विषय सञ्चारमाध्यमबाट मात्रै थाहा पाएको बताएका छन ।

'हटाउनुअघि मलाई केही सोधिएको छैन, चिठी लेखिएको पनि छैन' । मलाई निकालेर अर्को मान्छे ल्याउनु भएको रहेछ भन्ने कुरा मिडियाबाट मात्र थाहा पाएँ। त्यसैले म आयोगमा उजुरी दिन आएको हुँ।सुवेदीले भनेका छन। राप्रपामा अध्यक्ष राजेन्द्र लिङ्देन र महामन्त्री धवल शमशेर राणाबीचको विवाद फेरि सतहमा आएको छ । राप्रपामा एक वर्ष भित्र महाधिवेशन हुने भएको हुँदा चर्को गुटबन्दी भएको छाराजसंस्था फर्काउने आन्दोलनको बेला गौण भएको राप्रपा विवाद आन्दोलन तुहिएपछि सतहमा आएको छ । राजा फर्काउने आन्दोलन असफल भएकाले त्यसको जिम्मेवारी लिन नचाहने अनुदार समूह राप्रपा कब्जामा लिन फेरि नवराज सुवेदीलाई उचालेको छावयोवृद्ध नेतालाई आन्दोलनको कमान्डर बनाउनेले अहिले राप्रपा अध्यक्ष लिङ्देनलाई कमजोर बनाउन उनै नवराजलाई अघि सारेका छन ।

सुवेदीले पार्टीभित्र अनेक षड्यन्त्र भइरहेको दाबी गर्दै आफूले त्यसविरुद्ध आवाज उठाएको बताए। 'म त पार्टीमा अन्याय हुन लाग्यो भनेर त्यसको विरोध स्वरूप आएको हुँ' उनले भने, 'पार्टी फुटोस् भन्ने चाहना होइन, षड्यन्त्र नहोस् भन्ने चाहना हो ।' उनले आफूले संयुक्त जनआन्दोलन समिति घोषणा हुँदा राप्रपा परित्याग गरिसकेको भनेर कहीँकतै नभएको दाबी गरे । उनले त्यतिबेलाको आफ्नो अभिव्यक्तिको केही अंश काटछाँट गरेर प्रचार गरिएको आरोप समेत लगाए ।

'मैले भाषणमा संवैधानिक राजसंस्था र बहुदलीय प्रजातन्त्र पुनर्स्थापनाका लागि जे गर्न पनि तयार छु भनेको थिएँ, पद छाड्न परेपनि छाडौँला भनेको थिएँ। तर, भाषणको अघिपछि हटाएर जे सुविधा लाग्यो त्यही मात्रै बाहिरियो,' सुवेदीले भने । उनले राजा फर्काउने आन्दोलन निरन्तर चल्ने समेत दाबी गरे । यसैगरी उनले प्रवक्ता र संगठन विभाग प्रमुखलाई हटाइएको विषय पनि उठाउँदै नेतृत्वप्रति असन्तोष व्यक्त गरे । यस्तै प्रवक्ताबाट हटाइएका नेता सगुन लावतीले भने आफूहरू न्याय पाइन्छ भनेर आयोगमा आएको बताए । यस्तै नेता प्रकाशचन्द्र लोहनीले पार्टी एकताबद्ध हुनुपर्ने आवश्यकता औँल्याउँदै विधानविपरीतको निर्णय मान्य नहुने बताए । 'हामी एकताबद्ध पार्टी बनाउनुपर्छ भन्ने पक्षमा छौँ', उनले भने। उनले राजसंस्थाको पुनर्स्थापनाका लागि भइरहेको आन्दोलन निष्कर्षमा पुगेरै छाड्ने बताए ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बड्ने |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# कागखोलामा 'बेलिब्रिज' जडान थालियो

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २९ असार

उत्तर/दक्षिण जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर बेनी-जोमसोम-कोरला सडक आयोजनाले मुस्ताङको कागखोलामा अस्थायी 'बेलिब्रिज' जडान सुरु गरेको छ। त्यहाँ एक महिनाभित्रै बेलिब्रिज जडान सम्पन्न गर्नेगरी काम अघि बढाइएको हो ।

कोरला जोड्ने मुस्ताङको वारागुङमुक्तिक्षेत्र-४ कागबेनीस्थित कागखोलामा २०८० साउन २८ गते कागखोलाको बाढीले त्यहाँको पक्की मोटरेबल पुल बगाएको थियो । खोलामा पुल नहुँदा कोरला नाका र उपल्लो मुस्ताङ आउजाउ गर्न समस्या भएको थियो ।

कागखोलामा बेनी-जोमसोम सडकअन्तर्गत म्याग्दीको राहुघाट गलेश्वरमा रहेको अस्थायी बेलिब्रिजलाई कागखोलामा स्थान्तरण गरिन लागिएको आयोजनाका सूचना अधिकारी विष्णु चापागाईंले जानकारी दिनुभयो । म्याग्दीको राहुघाट खोलामा पक्की पुल निर्माण भइसकेकाले त्यहाँ राखिएको अस्थायी बेलिब्रिजलाई कागबेनीस्थित कागखोलामा स्थानान्तरण गर्न लागिएको हो ।

"साउन अन्तिमसम्म बेलिब्रिज जडान गर्ने कार्य सम्पन्न हुनेछ", उहाँले भन्नुभयो । पक्की मोटरेबल पुल निर्माण प्रक्रिया ढिलो हुने देखिएकाले राहुघाट खोलाको पुल कागबेनीमा जडान गर्ने तयारी गरिएको हो । राहुघाटको बेलिब्रिज ढुवानी र जडान, ग्याबिन फाउन्डेसन र ग्याबिन वाल निर्माण गरी क्याप ढलान गरेर बेलिब्रिज निर्माण गरिने आयोजना प्रमुख धुव्र झाले जानकारी दिनुभयो । करिब ३५ लाख लागतमा बेलिब्रिज निर्माण गर्न लागिएको हो । मुस्ताङको कागबेनीमा बाढीले पक्की पुल क्षति भएपछि आयोजनाको समन्वयमा पुलचोक क्याम्पसका इन्जिनियर तथा विज्ञ टोलीले त्यस क्षेत्रको स्थलगत अध्ययन गरेका थिए । त्यहाँको भौगर्भिक अवस्थाको अध्ययन गरेर नयाँ पुल निर्माण गर्न नयाँ डिपिआर सर्भे गरिएको थियो । बाढीले पुल क्षति बनाएको दुई वर्षपछि त्यहाँ अस्थायी बेलिब्रिज जडान गर्न लागिएको हो । राष्ट्रिय गौरवको जोमसोम-कोरला सडकअन्तर्गत मुस्ताङको लोघेकर दमोदरकुण्ड-२ घमीमा कोरला जोड्ने पक्की पुल निर्माणाधीन अवस्थामा छ । त्यसबाहेक बेनी-जोमसोम-कोरला सडकखण्डको अधिकांश स्थानमा पक्की मोटरेबल पुल निर्माण भइसकेका छन् । कागखोलामा पुल नहुँदा बर्खायाममा उपल्लो मुस्ताङ आउजाउ गर्ने नागरिकलाई समस्या भएको छ । त्यहाँ बेलिब्रिज निर्माण भए उपल्लो मुस्ताङ आउजाउ गर्नेलाई सहज हुने वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत युवराज अधिकारीले बताउनुभयो ।

# साफ च्याम्पियनसिप: नेपाल बङ्गलादेशसँग पराजित

**रासस**
काठमाडौं, २९ असार

साफ यू-२० महिला च्याम्पियनसिप फुटबलको दोस्रो खेलमा नेपाल बङ्गलादेशसँग पराजित भएको छ । बङ्गलादेशको राजधानी ढाकास्थित बसुन्धारा किङ्स एरेनामा सम्पन्न खेलमा घरेलु टोली बङ्गलादेशले नेपाललाई ३-२ गोलअन्तरले पराजित गरेको हो ।

खेलको दोस्रो हाफमा उत्कृष्ट पुनरागमन गरेको नेपालले अन्तिम समयमा सम्हालिएर खेल्न नसक्दा पराजित हुन पुग्यो । खेलको पहिलो हाफमा बङ्गलादेशले २-० को अग्रता बनाएको थियो । खेलको १३औँ मिनेटमा बङ्गलादेशले सुरुआती अग्रता बनायो । उसका लागि सिना जहान शिखाले गोल गरिन् । खेलको ३६औँ मिनेटमा बङ्गलादेशले अग्रता दोब्बर बनायो। बङ्गलादेशकी सागोरिकाले गोल गरिन् । खेलको दोस्रो हाफको सुरुआतमै दुवै टोली १०-१० खेलाडीमा सीमित भएका थिए । नेपालकी 'डिफेन्डर' सिम्रन राई र बङ्गलादेशकी सागोरिकाले एकअर्कामाथि मुक्का प्रहार गरेपछि 'रेफ्री'ले दुवैलाई रातो कार्ड देखाएको थियो ।

नेपालले त्यसको केही समयमा 'पेनाल्टी' पाएर खेलमा फर्कने अवसर पायो । अनिशा राईले गोल गर्दै खेल २-१ को स्थितिमा ल्याइन् । त्यसपछि खेलको पाँच मिनेट बाँकी रहँदा 'काउन्टर अट्याक'मा नेपालले बराबरी गोल गऱ्यो । पूर्णिमा राईको क्रसमा मीना देउवाले गोल गर्दै नेपाललाई २-२ को स्थितिमा पुऱ्याइन् । तर, बङ्गलादेशले खेलको दोस्रो हाफको अतिरिक्त समयमा विजयी गोल गऱ्यो ।

बङ्गलादेशकी तृष्णारानी सरकारले गोल गर्दै घरेलु टोलीलाई जित दिलाइन् । जितसँगै बङ्गलादेशले प्रतियोगितामा लगातार दोस्रो जित दर्ता गराएको छ । बङ्गलादेशले पहिलो खेलमा श्रीलङ्कालाई ९-१ गोलअन्तरले हराएको थियो । यसैगरी, नेपालको भने यो पहिलो हार हो । पहिलो खेलमा नेपालले भूटानलाई ६-१ गोलअन्तरले हराएको थियो ।

HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं २५९७९

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नूहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | ULI ४१३००००४६६ | सम्पन्न के.सी. | मालिका-०८, गुल्मी |
| २ | PLI १६१०००४१०५ | ग्रेस कुँवर | पोखरा-५, कास्की |

# एनआरएनको सह-कोषाध्यक्षमा स्याङ्जाका मियाको उमेदवारी

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २९ असार




बैदेशिक रोजगारीमा गएका नेपालीहरुलाई अहिले निर्वाचन माहोलले तताइरहेको छ।

गैर आवासीय नेपाली संघ मार्फत नेतृत्वमा पुग्न नेपाली–नेपाली बिच निर्वाचन माहोलले तताएको हो । कमाउदै गैर आवासीय नेपाली संघ मार्फत सामाजिक काममा उद्धत रहेका नेपाली युवाहरु निर्वाचनको माध्यमबाट नेतृत्वमा पुग्न अहिले मतदाता आफ्नो पक्षमा पार्न तातिरहेका छन् ।

यस्तै माहोलमा तातिरहेका स्याङ्जा वालिङका युवा नासिर मिया गैर आवसीय नेपाली संघ (एनआरएन) जापानको आगामी कार्यकालका लागि क्षेत्रिय सह–कोषाध्यक्ष पदमा उम्मेदवारी दिने घोषणा गरेका छन् । जापानमा रहेका नेपाली हुन् वा नेपालमा कुनै समस्या पर्दा सेवाभावका साथ सहयोगीको रुपमा जुटेका मियाँ लोप्रिय युवाका रुपमा परिचित छन् । हरेक समस्यामा सारथी बन्दै आएका मिया आगामी कार्यकाल (२०२५–२०२७) का लागि क्षेत्रिय सह–कोषाध्यक्ष पदमा उम्मेदवारी दिने घोषणा गरेका हुन् । उनले सन् २०२३-२०२५ को कार्यकालमा जापानको गुन्मा क्षेत्रीय समितिको संयोजकको रूपमा सफल नेतृत्व प्रदान गरेका थिए ।

संयोजक पदमा रहँदा मियाले जापानको गुन्मा क्षेत्रमा उल्लेखनीय सामाजिक कार्यहरू सञ्चालन गर्नुका साथै समुदायमा एकता, समन्वय र सहभागितालाई बलियो बनाउन महत्वपुर्ण भुमिका खेलेका थिए । विशेषगरी, मियाकै पहलमा सञ्चालन गरिएको सदस्यता विस्तार अभियान अत्यन्त सफल भएको र जसअन्तर्गत सदस्य संख्या पाँच गुणाले वृद्धि भएको मियाका समर्थकहरुको भनाई छ ।

मियाले उम्मेदवारी घोषणा गर्दै गैर आवसीय नेपाली संघ (एनआरएन) लाई अझै पारदर्शी, उत्तरदायी र क्षेत्रिय समिति अनुकुल बनाउने उदेश्य रहेको बताएका छन् । सह-कोषाध्यक्षको भूमिका वित्तीय उत्तरदायित्वसँगै संस्थामा पारदर्शिता र विश्वास निर्माण गर्ने अवसर हुने मियाले बताए । जापानको गुन्मा क्षेत्रमा मियाको लोकप्रियता, इमान्दार छवि र व्यवस्थापन क्षमताले (एनआरएन)जापानको आगामी कार्यकालमा सकारात्मक ऊर्जा, पारदर्शिता र समावेशिता थपिने अपेक्षा मियाले गरेका छन् । बिदेशी भुमिका रहेर पनि नेपाल र नेपालीको समस्यामा सदैव आवाज उठाउदै आएका मियालाई गैर आवसीय नेपाली संघको नेतृत्वतह सम्म पुऱ्याउन सबैले सहयोग गर्न स्याङ्जावासीले आग्रह गरेका छन् ।

# झोलुङ्गे पुल निर्माण गरेपछि यात्राअवधि छोटियो

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २९ असार

धवलागिरि गाउँपालिका-६ मा रहेको मराङखोलामा तीन सय ६५ मिटर लामो झोलुङ्गे पुल निर्माण भएको छ ।

सहरी विकास मन्त्रालयअन्तर्गतको स्थानीय पूर्वाधार विकास आयोजना कास्की, पोखराले घाइरीबोट र खाउरीबाङ जोड्ने पुल निर्माण गरेको हो । धवलागिरि गाउँपालिका-६ का वडाध्यक्ष राजाराम सुवेदीले पुलबाट धवलागिरि -६ का साथै वडा नं ५ मल्कवाङ र मालिका गाउँपालिका-७ बिमका बासिन्दा लाभान्वित भएका जानकारी दिनुभयो । "मराङमा रहेको वडा कार्यालय, स्वास्थ्य चौकी र जनविकास माविमा पुग्नका लागि अर्बाङ, घण्टीवाङका बासिन्दालाई यात्राअवधि छोटिएको छ", उहाँले भन्नुभयो "अर्वाङ, घण्टीवाङ, रिखका बासिन्दालाई मराङबेँसीमा झरेर वडा कार्यालय, स्वास्थ्यचौकी, माध्यमिक विद्यालय भएको ठाउँमा पुग्न करिब एक घण्टा पैदलयात्रा गर्नुपर्नेमा पुल बनेपछि यात्राअवधि १५ मिनेटमा छोटिएको छ ।" उक्त पुल निर्माणका लागि २०८१ साल असारमा बेनी नगरपालिका-२ को निर्माण कम्पनीले रु दुई करोड ५० लाखमा ठेक्का सम्झौता गरेको थियो ।

अठार महिनाको ठेक्का अवधि भए पनि १२ महिनामै पुल निर्माण सम्पन्न भएको निर्माण कम्पनीका सञ्चालक प्रदीप सापकोटाले बताउनुभयो । स्थानीय पूर्वाधार विकास आयोजना कास्कीमार्फत यसै वर्ष धवलागिरि गाउँपालिका-३ दरखोलामा तीन सय ६६ मिटर लामो झोलुङ्गे पुल पनि निर्माण भएको छ । यस वर्ष निर्माण भएका दुईवटासहित म्याग्दीमा तीन सय मिटरभन्दा लामा झोलुङ्गे पुलको सङ्ख्या चारवटा झोलुङ्गे पुल छवटा पुगेको छ ।

रघुगङ्गा गाउँपालिका-१ बेग र बादुक जोड्ने बेगखोलामा तीन सय ६५ दशमलव ८० मिटर, मालिका-७ बिमवाङ र धवलागिरि -६ रिख जोड्ने तीन सय ५० मिटर, बेनी नगरपालिका-१ रत्नेचौर र बागलुङ नगरपालिका-४ कुडुले जोड्ने तीन सय ८८ मिटर र अन्नपूर्ण गाउँपालिका-५ शिख र किन्दु जोड्ने तीन सय ४४ मिटर लामो पुल निर्माण भइसकेका छन् ।

**इन्टरनेशनल युथ होस्टल इनको क्षमता अभिवद्धि आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन उपर सार्वजनिक सुनुवाई सम्बन्धी सूचना ।**

(प्रकाशित मितिः २०८२/०३/३०)

**प्रस्तावक श्री इन्टरनेशनल युथ होस्टल इनबाट गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ३, नदीपुरको कित्ता न. १००, १०१ र १०२ को ५४७ वर्ग मिटर क्षेत्रफलको जग्गामा सफा, शान्त र व्यवस्थित वातावरणमा होस्टेल संचालन गरी स्वदेशी पर्यटकका लागि आरामदायी सेवाहरू दिने उद्देश्यले इन्टरनेशनल युथ होस्टल इन क्षमता अभिवृद्दि आयोजनाको संचालनका लागि वातावरणीय अध्ययन गर्ने सिलसिलामा स्थानीय वासिन्दा तथा सम्पूर्ण सबै सरोकारवाला व्यक्तिहरुलाई निम्न मिति, स्थान र समयमा हुने सार्वजनिक सुनवाई कार्यक्रममा उपस्थित भई राय सुझाव दिनु हुन् सबैमा हार्दिक अनुरोध गरिन्छ ।**

**सार्वजनिक सुनवाई हुने मिति, स्थान र समय**

मितिः २०८२/०४/०१
स्थानः पोखरा महानगरपालिका वडा नं. ३, नदीपुरको आयोजना क्षेत्र (फक्स सिटी भवन)
समयः दिउसो १:३० बजे

**आयोजक**
**इन्टरनेशनल युथ होस्टल इन**
गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ३
नदीपुर फोन नंः ९८४६१००३०९
ईमेलः pushpa.bastola@gmail.com

# छाडेको गाउँ फर्किएर कृषिबाट आत्मनिर्भर

पोखरापत्र संवाददाता
बेनी, २९ असार

रोजगारी र अवसरका लागि गाउँ छाड्नेक्रम बढिरहेको छ। तर म्याग्दीको अन्नपूर्ण गाउँपालिका-८ राम्चे काफलडाँडाका कुमार पुर्जा भने गाउँ छाडेको तीन दशकपछि पुनः गाउँ फर्किएर गाउँमै अवसर र आत्मनिर्भरताको अभियानमा जुट्नुभएको छ। गाउँबाट बसाइँ नै सरेर नवलपरासी पुग्नुभएका पुर्जाले आर्थिक उपार्जनका लागि वैदेशिक रोजगारमा पटकपटक प्रयास गर्दा पनि सफलता नमिलेपछि उहाँले गाउँ फर्किएर माटोमै पसिना बगाएर आत्मनिर्भर बन्ने योजना बनाउनुभएको थियो।



गाउँ छाडेको ३५ वर्षसम्म नवलपरासीमा बसेर जीविकोपार्जन गर्नुभएका पुर्जा विगत चार वर्षदेखि भने आफ्नो जन्मगाउँ काफलडाँडा फर्कनुभएको थियो। गाउँ फर्किएर पुर्जाले आधुनिक कृषि खेतीलाई पेसाका रूपमा अघि बढाउनुभएको छ। डेमरकटेरा टोलमा उहाँको तरकारी खेतीको कृषि फार्म रहेको छ। दुईवटा हाइटेक प्रविधिसहितको तीनवटा टनेलमा गोलभेँडाखेती गर्नुभएका पुर्जाले कृषि फार्मबाट आम्दानी गर्न सुरु गर्नुभएको छ। टनेलमा स्थानीयस्तरका काठ, निगालो र डोरीको प्रयोग गरी गोलभेँडाखेती गरिएको छ। एउटा टनेलबाट वार्षिक चार लाख बढीको कृषि उपज उत्पादन गर्ने लक्ष्य राख्नुभएका पुर्जाले गोलभेँडाखेतीबाट भएको आम्दानीले आफू सन्तुष्ट रहेको बताउनुभयो। "मैले उत्पादन गरेको गोलभेँडा स्थानीयस्तरका साथै पर्वत बेनी र जिल्ला सदरमुकाम बेनीमा खपत हुने गरेको छ, स्थानीय प्रविधिलाई प्रयोग गरेर गोलभेँडा उत्पादन गर्ने गरेको छु, गाईभैँसी र कुखुराको मल प्रयोग गरेको छु, रोग कीरा लागेमा गाईभैँसीको गहुत र तितेपातीको झोल प्रयोग गर्छु, विषादीको प्रयोग गरेको छैन", उहाँले भन्नुभयो। कुमार पुर्जा कृषि तथा पशुपन्छी फार्म दर्ता गर्नुभएका पुर्जाले फार्म स्थापना गर्न अहिलेसम्म करिब रु छ लाख लगानी गरिसकेको जानकारी दिनुभयो। लामो समयसम्म नवलपरासीमा घर निर्माणसम्बन्धी काम गरी घरपरिवारको जीविकोपार्जन गर्नुभएका पुर्जाले रोजगारको सिलसिलामा कतारमा २० महिना बसेर फर्कनुभएको थियो भने इराकमा दुईपटकसम्म पुगेर फर्कनुपरेको थियो। श्रीमती, छोराबुहारीलगायत परिवार नवलपरासीमै रहे पनि पुर्जा भने जन्मथलो फर्किएर कृषि खेतीमा रमाउन र कमाउन थाल्नुभएको छ। जीवनमा धेरै दुःख, कष्ट र हण्डर खेप्नुभएका पुर्जाले बाउबाजेको थातथलोमा पसिना बगाएर आत्मनिर्भर बन्ने सपना बुन्नुभएको छ। बिहानदेखि बेलुकीसम्म आफ्नै कृषि फार्ममा व्यस्त हुने पुर्जाले अन्य व्यक्तिहरूलाई समेत अस्थायी रूपमा रोजगारी दिने गर्नुभएको छ। गोलभेँडाखेतीसँगै पुर्जाले काफलडाँडामा परीक्षणको रूपमा स्याउखेती विस्तार गर्नुभएको छ। करिब पाँच रोपनी जग्गामा कृषिखेती गर्दै आउनुभएका पुर्जाले ७० वटा स्याउका बिरुवा लगाउनुभएको छ। यसअघि लगाएका बोटले फल दिएपछि व्यावसायिक रूपमा स्याउको खेती विस्तारमा जुटेको उहाँले बताउनुभयो। कृषिलाई व्यावसायिक र व्यवस्थित गर्न पुर्जाले कृषि फार्ममा थोपा सिँचाइको प्रबन्ध गरिएको छ। गत चैत महिनामा लगाएको गोलभेँडा फल्न थालिसकेको छ। तीनवटा टनेलमा पुर्जाले करिब एक हजार पाँच सय गोलभेँडाका बिरुवा लगाउनुभएको छ।

# जैमिनी बाढीः तीन सय रोपनी खेत बन्यो बगर

पोखरापत्र संवाददाता
पोखरा, २९ असार

जैमिनी नगरपालिका-४ निवासी डम्मरबहादुर सार्कीको जैमिनी नगरपालिका-१० सहेला फाँटमा रहेको नौ रोपनी धान लगाइएको खेत बाढी पसेर बगर बन्यो।

भर्खरै रोपेको धानसहितको खेत बाढीका कारण सखाप भएपछि सार्कीको निद्रा छैन। खेतमा कालुङखोला पसेपछि खेत बगरमा परिणत भएको उहाँको भनाइ छ। असार २४ गते राति कालुङखोलाको जलविद्युत् बगाउने गरी आएको बाढीले भर्खर धान रोपेको खेत कटान गर्नुका साथै बगर बनेको सार्कीको भनाइ छ। सार्कीको मात्र होइन, कालुङखोला र ठेउलेखोलाको क्षेत्र नगरपालिका वडा नं १०, वडा नं ९ र वडा नं ४ मा रहेको भर्खर धान लगाइएको खेत बगर बनेको हो। जैमिनी नगरपालिकाका अनुसार सबैभन्दा बढी क्षति जैमिनी नगरपालिका-९ पैयुथन्थापमा भएको छ। पैयुथन्थापमा मात्र एक सय ५० रोपनी धानखेत बगर बनेको जैमिनी नगरपालिका कृषि शाखा प्रमुख सुवास सापकोटाले जानकारी दिनुभयो। सापकोटाका अनुसार अहिले नगरपालिकाको कृषि प्राविधिक, इञ्जिनियर र जनप्रतिनिधिको सक्रियतामा तथ्याङ्क सङ्कलन भएको छ। उहाँले नगरपालिकाभर तीन सय रोपनी धान लगाइएको खेत बाढीले क्षति पुर्‍याएको अनुमान गरिएको बताउँदै अहिले सम्म एक सय ५० रोपनी धानखेतको क्षति भएको तथ्याङ्क सङ्कलन गरिएको छ। अहिले जैमिनी नगरपालिका-९ मा मात्र एक सय ५० रोपनी खेतीयोग्य जग्गा बगरमा परिणत भएको र ५० रोपनी जग्गा पुनः खेतमा फर्काउनै नसक्ने गरी नदीले कटान गरेको सापकोटाले बताउनुभयो।

अविरल वर्षाका कारण असार २४ गते मङ्गलबार राति आएको बाढीले जैमिनी नगरपालिकाको कालुङखोला र ठेउलेखोला आसपासको धानखेत बगरमा परिणत गरेको र रु एक अर्बभन्दा बढीको क्षति पुर्‍याएको हो। कालुङखोलामा आएको बाढीले कालुङखोला जलविद्युत् आयोजनामा पूर्ण रूपमा क्षति पुर्‍याएको छ। एउटा जलविद्युत्गृह बगाएको, झण्डै तीन सय रोपनी खेतमा क्षति पुर्‍याएको र नौवटा सिँचाइ कुलोमा क्षति पुर्‍याएको जैमिनी नगरपालिकाले जनाएको छ। जलविद्युत् आयोजना बाढीले बगाउँदा पैयुथन्थापका एक सय २२ परिवार अन्धकारमा बस्न बाध्य भएका छन्। जैमिनी नगरपालिकाले क्षतिको विवरण सङ्कलन गरिरहेको बताउँदै क्षतिको मूल्याङ्कनका आधारमा राहत दिने नगरप्रमुख नरबहादुर पुनले जानकारी दिनुभयो। "तत्कालका लागि धान रोप्न लागने लागत किसानलाई दिनेगरी नगरपालिकाले तयारी गरेको छ, रोपनीका हिसाबले किसानलाई राहत दिने, कुलो मर्मत गर्ने कार्य तत्काल गर्दछौँ", नगरप्रमुख पुनले भन्नुभयो, "किसानको खेतको क्षतिपूर्ति दिन त नगरपालिकाले नसक्ला तर यसपटक धान उब्जनीमा हुने गिरावटलाई ध्यानमा राखेर राहत दिने तयारीमा छौँ, सिँचाइ कुलो मर्मतमा नगरपालिकाको ध्यान जान्छ।"

# गोरखाको विकटको पालिकामा टेलिमेडिसिन सेवा

पोखरापत्र संवाददाता
गोरखा, २९ असार

विकट मानिने गोरखाको धार्चे गाउँपालिकामा श्रव्यदृश्यका माध्यमबाट स्वास्थ्य उपचार गरिने 'टेलिमेडिसिन' सेवा सुरु भएको छ।

गाउँपालिका, वार्मनेष्ट फाउन्डेसन, रिन्युएबल वर्ल्ड, गोरेटो गोरखा र प्रदेश अस्पताल गोरखाको सहकार्यमा उक्त सेवा सुरु गरिएको हो।

ग्रामीण क्षेत्रको विशेषतः गर्भवती, सुत्केरी महिला तथा बालबालिकालाई लक्षित गरी उक्त सेवा सुरु गरिएको गोरेटो गोरखाको कार्यकारी निर्देशक पवनरवण खनालले बताउनुभयो। उहाँका अनुसार संस्थाले हाल धार्चे गाउँपालिकाअन्तर्गतकासातवडामा रहेका सात स्वास्थ्यचौकीमा 'टेलिमेडिसिन सेट' स्थापना गरेर सेवा सञ्चालन गरेको छ। "टेलिमेडिसिनको सेटमा एउटा क्यामेरा, टेलिभिजन, टेलिफोन र स्पिकर हुन्छ। धार्चेको सात वटा स्वास्थ्य चौकी र प्रदेश अस्पताल गोरखामा उक्त सेट स्थापना गरेर सेवा सुरु गरेका हौँ", उहाँले भन्नुभयो, "ग्रामीणका बिरामीको स्वास्थ्यमा जटिलता आएमा वा स्वास्थ्य चौकीबाट सेवा सम्भव नभएमा टेलिमेडिसिनका माध्यमबाट सेवा लिन सकिन्छ।" धार्चेको स्वास्थ्यचौकीमा बिरामी उपचारका क्रममा केही समस्याहरु देखिएमा टेलिमेडिसिनका माध्यमबाट प्रदेश अस्पतालका विशेषज्ञसँग सिधै परामर्श लिन सकिने खनालले जानकारी दिनुभयो। "धार्चेका जुनसुकै स्वास्थ्यचौकीमा उपचारका क्रममा केही समस्या देखिए सिधै प्रदेश अस्पतालमा सम्पर्क गर्न मिल्ने 'सिस्टम' छ। उताबाट आएको फोन अस्पतालको नर्सिङ स्टेशनले उठाउँछ समस्याअनुसार विषयगत डाक्टरसँग सम्पर्क गराइदिन्छ", खनालले भन्नुभयो। टेलिमेडिसिन सेवाअन्तर्गत हाल स्वास्थ्यकर्मीको अभिमुखीकरण र केही सेटअपको काम भइरहेको उहाँले बताउनुभएको छ।

आगामी साउन १ गतेदेखि प्रभावकारी रुपमा सेवा सञ्चालन हुने उहाँको भनाइ छ। टेलिमेडिसिन सेवाले स्वास्थ्य सेवामा सर्वसाधारणको पहुँच कायम गरेको प्रदेश अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट सिद्धार्थ खनालले बताउनुभयो। उहाँका अनुसार जिल्लामा पहिलो पटक धार्चे गाउँपालिकामा टेलिमेडिसिनको व्यवस्थित प्रयोग सुरु गरिएको हो। यसका माध्यमबाट दुर्गम क्षेत्रका नागरिकले गाउँमा विशेषज्ञ डाक्टरको परामर्शसहित उपचार पाउने उहाँले जानकारी दिनुभयो। "यसले डाक्टरलाई देखाउनकै लागि सदरमुकाम धाउनुपर्ने बाध्यता हट्छ। भिडियो परामर्शका क्रममा विशेषज्ञ डाक्टरले आवश्यक भएमात्र बिरामीलाई बोलाउनुहुन्छ। नत्र गाउँमै उपचार हुन्छ, विशेषज्ञ डाक्टरले स्वास्थ्य चौकीका चिकित्सकलाई सहयोग गर्नुहुन्छ", उहाँले भन्नुभयो।

धार्चे गाउँपालिकामा सुरु भएको टेलिमेडिसिन सेवाले गर्भवती, सुत्केरी र नवजात शिशुको स्वास्थ्यलाई जोड दिएको सुपरिटेन्डेट खनालले बताउनुभयो। भविष्यमा सेवा विस्तार योजना उहाँले सुनाउनुभयो।

# भुतपूर्व सैनिक तथा प्रहरी संगठन पोखरामा भोज बहादुर

पोखरापत्र संवाददाता
पोखरा, २९ असार



नेपाल राष्ट्रिय भुतपूर्व सैनिक तथा प्रहरी सङ्गठन, पोखरा महानगर कमिटीको दोस्रो अधिवेसन सम्पन्न भएको छ।

नेकपा एमाले निकट संगठनको अधिवेशनबाट सुवेदार भोज बहादुर गुरुङको अध्यक्षतामा ११ सदस्यीय समिति सर्वसम्मत रुपमा चयन भएको पुर्व सैनिक बलराम पौडेलले जानकारी दिनुभयो। संगठनको उपाध्यक्षमा सोमनाथ भण्डारी, सचिवमा इन्स्पेक्टर बलराम पौडेल, उप सचिवमा क्याप्टेन भद्र बहादुर थापा, कोषाध्यक्षमा सूबेदार चन्द्र बहादुर क्षेत्री र सदस्यहरुमा, रकेश्वर सुनार, टेक बहादुर पुन, नन् बहादुर श्रेष्ठ, तेज बहादुर गुरुङ, बम बहादुर सुनार र राज बहादुर थापा चयन भएका हुन्।

बाँकी सदस्य समितिको पहिलो बैठकले मनोनित गर्ने नवनिर्वाचित सचिव बलराम पौडेलले बताउनुभयो।यस अघि संगठनका नेता क्याप्टेन लालकाजी पुनले उद्घाटन गर्नुभएको कार्यक्रम अध्यक्ष खम बहादुर केसीको अध्यक्षतामा सम्पन्न भएको थियो।

# चुँदी रम्घालाई सप्तधामका रूपमा विकसित गरिँदै

पोखरापत्र संवाददाता
दमौली, २९ असार

आदिकवि भानुभक्त आचार्यको जन्मथलो चुँदी रम्घालाई सप्तधामका रूपमा विकास गर्न पहल गरिएको छ।




भानु नगरपालिका-४ चुँदी रम्घास्थित आचार्यको जन्मथलोलाई साहित्यिक पर्यटनको केन्द्र बनाउन सप्तधाम निर्माणको प्रक्रिया अगाडि बढाइएको हो।

भानु जन्मस्थल जाऔँ: भानुलाई चिनाऔँ भन्ने नाराका साथ नेपाल, नेपाली र भानुवासीको पहिचान हेतु भानु जन्मस्थलको विकासका लागि सुरुआत गरिएको हो। भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले प्रारम्भिक गुरुयोजनाअन्तर्गत आदिकवि भानुभक्तको विशाल प्रतिमा, सप्तधाम निर्माण, जग्गा अधिग्रहण, साहित्यिक उद्यान, पूर्वाधार निर्माणका लागि सङ्घीय सरकारबाट विनियोजित बजेटका साथै दातृ निकाय एवं देशविदेशमा आवश्यक समन्वय गरिने बताउनुभयो। चुँदी रम्घालाई साहित्यिक पर्यटनको गन्तव्यस्थल बनाउने लक्ष्य राखिएको त्रिपाठीको भनाइ छ। उहाँले भन्नुभयो, "राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा भानुभक्त आचार्यको विशिष्ट पहिचान छ, यो ठाउँलाई समय सन्दर्भअनुसारको सबै किसिमको धाम बनाउने परिकल्पना साथ अगाडि बढेका छौँ।" साहित्यिक उद्यानमा विभिन्न संरचना निर्माण गरिने छ। उहाँका अनुसार यहाँ भानुभक्तको विशाल सालिक, रामायण मन्दिर, मूर्ति वाटिका, भानुभक्तकालीन नमूना बस्ती, भानु साहित्य ग्राम, भानु प्रज्ञा भवन, भानु वनस्पति उद्यान, सप्तधाम, मनोरञ्जन वनभोजस्थल, प्राकृतिक वन विचरण क्षेत्र, सम्पदा संरक्षण क्षेत्र र साहित्यिक पदमार्ग प्रस्तावित गरिएको छ। नगरप्रमुख त्रिपाठीले भन्नुभयो, "भानु साहित्य उद्यानको मूल उद्देश्य भानुभक्त आचार्यको जन्मस्थल चुँदीरम्घालाई साहित्यिक तीर्थस्थल र सांस्कृतिक एकताको केन्द्रका रूपमा विकास गर्न आवश्यक भौतिक संरचना निर्माण गर्नु हो। नेपाली भाषा, साहित्य, संस्कृति, पर्यटन, कला र राष्ट्रिय सम्पदाहरूको संरक्षण संवर्द्धनका निम्ति विविध कार्यक्रम सञ्चालन गरिनेछ।" नगरपालिकाले पर्यटन क्षेत्रलाई समेत प्राथमिकतामा राखेको छ। नगरपालिकाभित्रका पर्यटनसँग आबद्ध संस्थालाई सक्रिय र सङ्गठित बनाउँदै पर्यटन प्रवर्द्धनलाई थप प्रभावकारी बनाइने छ।

त्यस्तै घरबास (होमस्टे)हरूको संरक्षण, संवर्द्धन, प्रवर्द्धन एवं दर्ता र नवीकरण गरी 'होमस्टे सर्किट'को विकाससका साथ नेपालको मौलिक कला र संस्कृति झल्किने खाना, पहिरन तथा रोधी, घाँटु, लाखेनाच, चुट्का, झ्याम्रेलगायतका पहिचान संरक्षण तथा प्रवर्द्धन हेतुले भानु नगरको होमस्टे जाऊँ भन्ने नारालाई सार्थक तुल्याउन समुदायले सञ्चालन गरेका होमस्टे प्रवर्द्धनका लागि पूर्वाधार निर्माण र व्यवस्थित रूपमा होमस्टे सञ्चालनमा सहयोग गरिने त्रिपाठीले उल्लेख गर्नुभयो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः वि.स. १९९५/१२/२४ गते

स्वर्गारोहणः वि.सं. २०८२/०३/१८ गते

**स्व: तुलसी प्रसाद बास्तोला**

श्री जनकल्याण समिति पोखरा-१३ का आजिवन सदस्य शिव प्रसाद र हेमराज बास्तोला छोरीहरु पुष्पा पोखेल, लक्ष्मी पौडेल, तिलमाया अधिकारी र रमा कँडेल तथा बुहारीहरु पार्वती र सरिता बास्तोलाका माया ममता र स्नेहका खानी प्राप्त पुजनिय पिताजी एवं ससुराबुबा **तुलसी प्रसाद बास्तोला** को आफ्नै घरमा असामयीक निधन भएकोमा पुरै जनकल्याण समिति परिवार भावविह्वल भएको छ यो दुःखको घडिमा दिवंगत आत्माको चिरशान्ति र बैकुण्ठबासको कामना गर्दछौं, साथै शोकाकुल परिवारजनमा धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गर्नेछन भनि कामना गर्दै आज १३औं दिनको पुण्य तिथिमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं।

गोविन्द प्रसाद आचार्य
महासचिव

एवम्

देवराज बराल
अध्यक्ष

**श्री जनकल्याण समिति परिवार**
पोखरा महानगरपालिका-१३, सिद्धको स्थान